# पशु सेवा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२

**प्रमाणीकरण मिति २०८२/०५/१७**

**पृष्ठभूमीः**

पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीकरणमा परिणत गर्न र तीव्रतर लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यसका लागि पशुपंक्षिको उत्पादन प्रशोधन तथा बजारीकरण गरी पशुपालक कृषकहरुलाई थप प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई बढी भन्दा बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन र यस व्यवसायलाई आर्थिक आय आर्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनिकरण को माध्यमवाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउन यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न त्रिवेणी गाउँ कार्यपालिकाले बिनियोजन ऐन २०८२ को दफा २ बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **'पशु सेवा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२'** रहेको छ ।

२. यो कार्यविधि वार्षिक कार्यक्रम संचालन संग सम्बन्धित भएकाले स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क। **"गाउँपालिका "** भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ।

ख। **"शाखा"** भन्नाले पशु सेवा शाखा सम्झनु पर्दछ ।

ग। **"कार्यालय"** भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ। **"कार्यपालिका"** भन्नाले त्रिवेणी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ। **"पशु बिकास कार्य समिति"** भन्नाले गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन, अनुगमन मुल्यांकन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।

च। **"समूह"** भन्नाले १० वा सो भन्दा बढी कृषकहरु संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनु पर्दछ।

छ। **"सहकारी"** भन्नाले सहकारी ऐन  बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि,पशुपालन, उद्यमी, दुग्ध उत्पादन सम्बन्धी कार्य गर्ने उदेश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ ।

ज। **"निजी फर्म"**भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय वा गाउँपालिका मा दर्ता भएको फर्म सम्झिनु पर्दछ |

झ। **"कार्यबिधि"** भन्नाले "**पशु सेवा कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि २०८२**"सम्झनु पर्दछ।

ञ। **"अनुदान"**भन्नाले प्रोत्सान स्वरूप उत्पादन तथा बिक्री परिमाणको आधारमा प्रदान गरिने रकम वा साझेदारी रकमलाई सम्झनु पर्दछ |

३ **कार्यक्रमको उद्देश्यहरुः**

१. पशु सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

२. गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने ।

३. संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने।

४. गाउँपालिकालाई दुध,मासु र अन्डामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।

५. पशुपालन व्यवसायको उद्यमशीलता प्रबर्धन एव व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान  प्रदान गर्ने |

६. पशुपालन व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने

७. कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरि उत्पादन बढाउने तर्फ उत्साहित गर्ने |

## परिच्छेद २ कार्यक्रम ब्यवस्थापन

४ **लक्षित बर्ग र क्षेत्र :(१)** आवश्यकता, सम्भाव्यता , माग तथा कार्यक्रमको प्रकृति हेरि तथा स्थानीय सम्भावनाको आधारमा कार्यक्रममा समिटिने गरी कृषक, फर्म, समुह, सहकारी, ब्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी पालिका भरी वा प्राथमिकताको आधारमा क्षेत्र तोकि कार्यक्रम संचालन गर्न सकिनेछ ।

५. **पशु बिकास कार्य समिति :** (१) पशु सेवा कार्यक्रम संचालनको समग्र छनौट अनुगमन एवं मुल्यांकन को लागि देहाय बमोजिमको पशु बिकास कार्य समिति गठन गरिनेछ |

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. ६ वटै वडा अध्यक्षहरु | सदस्य |
| ङ. सम्बन्धित शाखाको प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जना सम्म बिषय बिज्ञ वा सरोकारवाला निकायलाई आमन्त्रण गर्न सक्ने छ |

(३) कार्य समितिको काम, कर्तव्य, र अधिकार देहाय बमोजिम हुनेछ :

**(क)**पशु विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।
**(ख)**कार्यक्रमको अनुगमन, मूल्याङ्कन, र समिक्षा गर्ने ।
**(ग)** कार्यक्रममा पेश भएका प्रस्तावनाहरुलाई छनोट गर्ने ।
**(घ)** कार्यक्रम संचालनमा आइपरेका समस्या सम्बोधन र सहजीकरण गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम संचालन सम्बन्धी ब्यवस्था

६. **कार्यक्रम संचालन प्रकृया :** (१) कार्यक्रम अन्तरगत अनुदान प्रदान गरिने कार्यक्रम संचालनका लागि नियमानुसार म्याद दिइ *अनुसुची १* बमोजिमको सार्वजिनक सूचना मार्फत प्रस्ताव माग गर्नुपर्नेछ ।

(२) यस कार्यविधी को परिच्छेद ४ मा उल्लेखित विभिन्न कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पुरा गर्ने इच्छुक कृषक,फर्म, समुह,सहकारी, निजी उद्यमीहरुले कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गर्न सक्नेछन् ।

(३) कार्यक्रममा सहभागि हुन चाहने आवेदकहरुले *अनुसूची २* अनुसारको आवेदन *अनुसूची ३* बमोजिमको संक्षिप्त कार्ययोजना र *अनुसूची ४* अनुसारको प्रतिबद्दता पेश गर्नुपर्ने छ भने गाउँपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको लागि *अनुसूची ६* अनुसारको मापदण्ड, *अनुसूची ७* अनुसारको आवेदन र आवश्यक कागजात सहित निर्धारित समयभित्र कार्यालयमा प्रस्ताव दर्ता गर्नुपर्ने छ ।

(४) कार्यालयले प्राप्त प्रस्तावहरु छनोट पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ ।

(५) समितिले प्रतिवेदनको आधारमा लागत साझेदारीमा संचालन हुने कार्यक्रमहरु *अनुसूची ५* र गाउँपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको मूल्याङ्कन *अनुसूची ९* अनुसार छनोट गर्नुपर्नेछ ।

(६) स्वीकृत प्रस्तावका आवेदकहरुसँग कार्यालयले *अनुसूची ६* बमोजिम द्विपक्षीय सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

७. **सुविधाको न्यूनतम मापदण्ड :** पशु सेवा शाखा अन्तरगत संचालन गरिने कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछ :

(क) कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रममा कृषकहरुलाई प्रदान गरिने अनुदान १०० प्रतिशत हुनेछ ।

(ख) निजी एवं ब्यावसायिक फर्म, समुह, सहकारीबाट, संचालन हुने साझेदारी क्रियाकलापहरुमा कुल लागतको ५० प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

(ग) प्रविधि प्रसार तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट संचालन हुने कार्यक्रमको हकमा अधिकतम १०० प्रतिशत हुनेछ ।

(घ) पुरस्कार वितरण कार्यक्रममा कुल रकमको २५ प्रतिशत कर कट्टी गरी उपलब्ध गराइनेछ ।

(ङ) औषधी, घाँसको बीउ वितरण गर्दा पालिकाबाट निर्धारण भएको नाम दर्ता शुल्क लिई उपलब्ध गराइनेछ ।

## परिच्छेद ४

## कार्यक्रम र प्राविधिक पक्ष

८. **गाउँपालिका मार्फत संचालन हुने कार्यक्रमहरु**

१. कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम
२. गाउँपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम
३. दुध संकलन केन्द्र स्थापना कार्यक्रम
४. हिउँदे घाँसको बीउ वितरण कार्यक्रम
५. पशुपन्छीको खोप कार्यक्रम
६. पशुपन्छीको औषधी खरिद कार्यक्रम

८.१ **कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम :** (१) पशु तथा पशु जन्य उत्पादनको बजारीकरण गरी कृषकहरुलाई प्रति ईकाई उत्पादनको अनुदान प्रदान गर्न पालिकाले यस कार्यविधीमा उल्लेखित शर्तहरु कार्यान्वयन सहित आवश्यकता अनुसार उत्पादनमा आधारित रहि कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम उपलब्ध गराउन कार्यविधीमा बिस्तृतीकरण गर्न सक्नेछ |

(२) दफा (१) बमोजिम कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम संचालन गर्दा देहाय बमोजिमका शर्तहरु रहनेछन् :

| क.स | कार्यक्रम | शर्तहरु | अनुदान रकम |
|---|---|---|---|
| १ | **खसी बोका उत्पादन तर्फ** | (क) खसी बोका खसी घरमै उत्पादन भएको हुनुपर्ने छ ।<br>(ख) प्रति बर्ष न्यूनतम बार्षिक १०० के.जी खसी बोका उत्पादन गरी फर्म, समुह, सहकारी मार्फत बिक्री गरेको हुनुपर्ने छ ।<br>(ग) सहकारीले कृषकले बिक्री गरेका खसी बोकाको अभिलेख राख्नुपर्नेछ ।<br>(घ) समुह सहकारीहरुले खसी बिक्री गर्दा पशु सेवा शाखामा जानकारी गराइ प्राविधिकबाट अनुगमन गराउनुपर्ने छ । | (क) मापदण्डमा पुगेका कृषकहरुलाई खसी बोका बिक्री वापत जिउँदो प्रति के जी २० रुपैंया अनुदान उपलब्ध गराइनेछ<br>(ख) समुह सहकारीलाई ब्यवस्थापकीय कार्य वापत प्रति के.जी १ रुपैयाँ । |
| २ | **अण्डा उत्पादन तर्फ** | (क) मासिक २००० भन्दा बढी अण्डा उत्पादन गरि बिक्री गरेको हुनुपर्ने छ ।<br>(ख) आफ्नै घरमा उत्पादन गरेको हुनुपर्ने छ ।<br>(ग) कृषकले फर्म दर्ता गरी कुखुरापालन गरेको हुनुपर्नेछ ।<br>(घ) कृषकले अण्डा बिक्री गरेको पुष्टि हुने प्रमाण पेश गर्नु पर्नेछ । | (क)प्रति गोटा ५ पैसा<br>(ख)अधिकतम रु पचास हजार भन्दा बढी नहुने गरी अनुदान रकम वितरण गरिनेछ । |

(३) कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम भुक्तानी गर्दा देहाय अनुसारको प्रक्रिया अपनाउनु पर्नेछ

क. खसी/बोकाको हकमा :

- यस कार्यक्रम अन्तर्गत सहभागी भएका फर्म/समुह/सहकारीहरुले अनुदान रकम माग गर्दा खसी बोका बिक्री गरेको सम्बन्धित प्राविधिकबाट प्रमाणित अभिलेख ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- दर्ता प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र
- समुह सहकारीबाट मापदण्डमा पुगेका कृषकहरुलाई छनोट गरेको निर्णय प्रतिलिपि
- अनुदान रकम वितरण गरेपछी सोको भरपाई र ब्यवस्थापकीय खर्चको बिल भरपाई पालिकामा पेश गर्नुपर्नेछ ।

**ख. अण्डाको हकमा :**

- निवेदन, फर्म दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र
- अण्डा बिक्री गरि किसानले पैसा बुझेको भरपाई
- सम्बन्धित वडा कार्यालयको सिफारिस

पेश भएका विवरणमा कुनै किसिमको कैफियत भेटिए वा झुठा ठहरिय गाउँपालिकाले अनुदान रकम भुक्तानी गर्न बाध्य हुने छैन र आवश्यक परे कानुनी कारवाही अगाडी बढाउन सक्नेछ | कृषकहरुलाई अनुदान रकम बजेटको परिधि भित्र रहेर वितरण गरिनेछ |

६.२ **गाउँपालिका उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम :** (१) कृषकहरुको योगदानलाई सम्मान गरी उच्च मनोबल राख्न सहयोग गरी कृषि तथा पशुपालन पेशालाई व्यवसायिक बनाउन सहयोग गर्न कार्यक्रम संचालन गरिनेछ :

(२) उपदफा (१) बमोजिम कार्य गर्न देहाय बमोजिम क्रियाकलापहरु संचालन गर्न सकिनेछ :

(क) गाउँपालिका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा ६ जना (३ जना कृषि तर्फ र ३ जना पशुपन्छी) कृषकलाई छनौट गरिनेछ ।

(ख) छनौटमा परेका उत्कृष्ट कृषकहरुलाई लाई प्रति कृषक रु २०००० का दरले पुरस्कार, दोसल्ला र सम्मान पत्रबाट सम्मान गरिने छ ।

(ग) एक पटक उत्कृष्टमा परेको कृषक पुनः अर्को पटक उक्त कार्यक्रममा सहभागी हुन पाउने छैन कार्यक्रममा कृषि र पशुपालन पेशामा संलग्न भएको कृषकलाई सहभागी गराउनु पर्नेछ ।

(घ) स्थलगत अनुगमन तथा अन्य व्यवस्थापकीय कार्यका लागि रकम खर्च गर्न सकिनेछ ।

६.३ **दुग्धको संकलन केन्द्र स्थापना कार्यक्रम :** (१) साना किसानबाट उत्पादन भएको दुधलाई गुणस्तरीय ढंगले संकलन, परिक्षण, अभिलेख तथा ढुवानी गर्न स्थायी र व्यवस्थित दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ :

(२) उपदफा(१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) डि फ्रिज, दुध ढुवानीको लागि क्यान, मिल्क एनालाइजर, दुध नाप्ने क्यान, ल्याक्टोमिटर सेट, दुध फिल्टर, थर्मोमिटर, डिजिटल काटा तथा आवश्यक अन्य सामग्रीहरु खरिद गर्न,

(ख) दुध संकलन केन्द्रको व्यवस्थापकीय कार्य गर्न

८.४ **हिउँदे घाँसको बीउ वितरण कार्यक्रम** : (१) ब्यावसायिक पशुपालक कृषकहरुलाई घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत कम गर्नको लागि हिउँदे घाँसको बीउ वितरण कार्यक्रम संचालन गरिनेछ :

(२) उपदफा(१) बमोजिमका कार्य गर्दा तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) बर्षिम घाँसको बीउ, जै घाँसको बीउ, भेज घाँसको बीउ खरिद तथा ढुवानी

(ख) अन्य ब्यवस्थापकीय कार्य

८.५ **पशुपन्छीको खोप कार्यक्रम** : (१) पशुपन्छीमा लाग्ने विभिन्न महामारी रोग नियन्त्रण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नको लागि पशुपन्छीको खोप कार्यक्रम संचालनमा ल्याइनेछ :

(२) उपदफा (१) बमोजिम कार्य गर्दा तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) पशुपन्छीको खोप तथा आवश्यक सामग्री खरिद,

(ख) प्रत्येक वडाहरुमा खोप कार्यक्रम संचालन गर्दा ढुवानी तथा ब्यवस्थापकीय खर्च,

(ग) खोप कार्यमा संलग्न प्राविधिक वा भ्याक्सिनेटरहरुलाई पशुपन्छीमा खोप लगाए वापत ठुला पशुको हकमा प्रति पशु रु २५ र साना पशुको हकमा १० र पन्छीको हकमा प्रति पन्छी रु १ सुविधा वापत रकम उपलब्ध गराउन सकिनेछ ।

८.६ **पशुपन्छीको औषधी खरिद कार्यक्रम** : (१) पशुपन्छीमा देखा पर्ने विभिन्न रोग तथा स्वास्थ्य चुनौतीहरुको ब्यवस्थापन गर्दै पशुजन्य उत्पादनको गुणस्तर सुनिश्चिता गर्न र निर्यात प्रवर्द्धनलाई सहयोग पुर्याउने उद्देश्यले पशुपन्छीको औषधी खरिद कार्यक्रम संचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्दा तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

**(क)** पशुपन्छीमा प्रयोग हुने औषधी खरिद तथा ब्यवस्थापन गर्न,

**(ख)** औषधीजन्य सामग्रीहरु खरिद गर्न,

**(ग)** पशुपन्छीमा प्रयोग हुने खोप खरिद तथा ब्यवस्थापन गर्न,

(३) उपदफा (२) बमोजिम कार्य गर्दा कार्यालयबाट दररेट स्वीकृत गरी लागत अनुमान बनाई प्रचलित कानून बमोजिम औषधी खरिद कार्य गर्न सकिनेछ ।

## परिच्छेद ५

## विविध

९ **प्रतिवेदन पेश गर्नुपर्ने** : (१) गाउँपालिकाबाट संचालन भएका सम्पूर्ण कार्यक्रमहरुको बार्षिक प्रगति प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

१० **असुल उपर हुने** : यस कार्यविधी बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाइएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११ **दोहोरो सुविधा लिन नहुने** : अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश, स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

१२ **ब्याख्या, संशोधन र बाधा अड्काउ फुकाउ** : (१) यस कार्यविधीको आवश्यक ब्याख्या गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) कार्यक्रम कार्यान्वयनका क्रममा बाधा अड्काउ परेमा यस कार्यविधीको उदेश्य विपरित नहुने गरी पालिकाले बाधा अड्काउ फुकाउन र कार्यविधी संशोधन गर्न सक्नेछ ।

१३. **अनुगमन र मूल्याङ्कन** : कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन पालिका स्तरीय अनुगमन मूल्याङ्कन समिति वा पालिका स्तरीय पशु विकास कार्य समितिबाट संयुक्त वा छट्टाछट्टै हुन सक्नेछ ।

अनुसूची १

परिच्छेद ३ दफा ६ उपदफा (१) सँग सम्बन्धित

## प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति२०८..।..।...

यस कार्यालयको आ.व २०८.।०८. को स्वीकृत बार्षिक पशु विकास कार्यक्रम अनुसार देहाय बमोजिम कार्यक्रम संचालन गर्न इच्छुक कृषक/ समुह/ समिति/ सहकारी /कम्पनी/ फार्म निजी उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन मिती २०८.।०.।.. गते सम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगी वा म्याद नाघि प्रस्तावहरु छनौटमा समावेश नगराइने ब्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम | साझेदारी रकम | संचालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

थप जानकारीको लागि : पशु सेवा शाखाको सम्पर्क नं ९८५७८४४६११ मा सम्पर्क गर्न सकिनेछ ।

**नोट** : कार्यक्रमको प्रकृति हेरी  प्रस्ताव आह्वानको सूचना परिमार्जन गर्न सकिनेछ ।

अनुसूची - २

परिच्छेद ३ दफा ६ उपदफा (२) सँग सम्बन्धित

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

त्रिवेणी गाउँपालिकाको कार्यालय

लुहाम सल्यान

विषय : आवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा त्रिवेणी गाउँपालिकाको मिति ............. मा प्रकाशित सुचना अनुसार .......................... कार्यक्रममा सहभागी हुन चाहना भएकोले सो प्रयोजनका लागि तपशिल अनुसारको कागजात संलग्न गरि आवेदन पेश गरेको छु ।

तपशिल :

१. नेपाली नागरिकताको फोटोकपी
२. फर्म/सहकारी दर्ता को फोटोकपि
३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. सम्बन्धित वडाको सिफारिस पत्र
५. कार्ययोजना
६. प्रतिवद्दता

निवेदक

नाम :

पद :

ठेगाना :

दस्तखत :

सम्पर्क नं :

अनुसूची ३

परिच्छेद ३ दफा ६ उपदफा (३) सँग सम्बन्धित

## व्यवसायिक कार्ययोजना

| | |
|---|---|
| कार्यक्रमको नामः | |
| प्रस्तावित कार्यः | |
| आवेदकको नामः | |
| ठेगानाः | |
| आधिकारीक ब्यक्तीको नाम र ठेगानाः | |
| टेलिफोन नं. | |
| ब्यवसाय दर्ता बर्ष | |
| मु.अ. कर /स्थायी लेखा नं. र दर्ता वर्ष | |
| बैक खाता विवरणः | |
| आवेदकको परिचय तथा अनुभवः | |
| प्रस्तावित व्यवसायको सार/संक्षेप | १.व्यवसायको किसिम :<br><br>२.हालको अवस्था :<br><br>३ कार्यक्रम पश्चात : |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| स्वलगानीको प्रतिशत | |
| परियोजना संचालन स्थल : | |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्य | •<br>• |

## २.३ प्रस्तावित क्रियाकलापहरु

| क्र. स. | मुख्यक्रियाकलापहरु | परिमाण | इकाई | दर | जम्मा रकम रु | अनुदान रकम रु | आवेदकको योगदान |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१. कार्यतालिका

| सि.नं. | क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**बजार प्रवर्धन रणनीति :**

सम्भावित आर्थिक उपलब्धि :

| क्र.स | विवरण | इकाई | परिमाण | आम्दानी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो बर्ष | आम्दानी | दोस्रो बर्ष | आम्दानी | तेस्रो बर्ष | आम्दानी |
| | | | | | | | | | |

आवेदकको नाम :

पद :

दस्तखत :

फर्म/समुह/सहकारीको नाम :

छाप :

## अनुसूची ४
## परिच्छेद ३ दफा ६ उपदफा (३) सँग सम्बन्धित

### प्रतिबद्ता पत्र

त्रिवेणी गाउँपालिकाको मिति २०८.../../.... गतेको प्रकाशित सुचना अनुसार .............................. कार्यक्रममा सहभागीताको लागि इच्छुक भई सोको व्यवसायिक कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौ | उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य र .... % को रकम लगानी समेत गरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु |

नाम :

दस्तखत :

फार्म/समुहको नाम :

ठेगाना :

सम्पर्क नं :

मिति :

छाप :

**औठा छाप**

| | |
|---|---|
| **दाया** | **बाया** |

अनुसूची ५

परिच्छेद ३ दफा ६ उपदफा (४) सँग सम्बन्धित

**कार्यक्रम संचालनका लागि छनोट गर्दा अपनाइने मूल्यांकनका आधारहरु**

| क्र.स | आवेदकको नाम | ठेगाना | स्थानको उपयुक्तता (२५) | पेश गरेको कार्ययोजना (२५) | अनुभव /तालिम (१०) | पालिरहेको संख्या/क्षेत्रफल (२०) | पूर्वाधार (२०) | कुल जम्मा (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मुल्यांकन समितिका पदाधिकारीहरुको**

नाम : | नाम : | नाम :

पद : | पद : | पद :

दस्तखत : | दस्तखत | दस्तखत :

नाम : | नाम : | नाम :

पद : | पद : | पद :

दस्तखत : | दस्तखत : | दस्तखत :

नाम | नाम ; | नाम :

पद : | पद : | पद :

दस्तखत : | दस्तखत : | दस्तखत :

नाम :

पद :

दस्तखत :

**नोटः** आवश्यकता अनुसार मूल्याङ्कनका आधारहरु थप गर्न सकिनेछ ।

## अनुसुचि ६
## परिच्छेद ३ दफा ६ उपदफा (६) सँग सम्बन्धित

### साझेदारी कार्यक्रमको संम्झौता पत्र

त्रिवेणी गाउँपालिका पशु सेवा शाखा को स्वीकृत कार्यक्रम अनुसार आ.व. ०८../०८.. मा संचालन हुने ................................कार्यक्रमका लागि श्री...................... फर्म/समूह/समुह (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) र त्रिवेणी गाउँपालिका (यस भन्दा पछाडि पहिलो पक्ष भनिने )बीच तपशिलका सर्तहरुको अधिनमा रहि कार्यक्रम संचालन गर्न द्धिपक्षीय संम्झौता भएको छ

तपसिल :

१. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधीमा सम्पन्न गर्नु दोश्रो पक्षको जिम्मेवारी हुनेछ ।
२. पहिलो पक्षले दोस्रो पक्षलाई .................कार्यको लागि रु .............. उपलब्ध गराउने छ
३. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम संचालनको लागि दिनुपर्ने अनुदान रकम फर्म,समुह,सहकारीले खोलिएको खातामा अनुदान रकम जम्मा गरिनेछ । फिल्डभेरीफिकेशन पछि संझौता अनुसारको कार्यसंपादन भएपछि मात्र दोस्रो पक्षलाई अनुदान रकम उपलव्ध गराईनेछ ।
४. पहिलो पक्षवाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।
५. यस संम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् हुनेछ ।
६. त्रिवेणी गाउँपालिकाले आवश्यक ठानेका अन्य विषयवस्तु थप हुन सक्नेछन ।
७. अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोश्रो पक्षवाट सो रकम असुल उपरको लागि प्रचलित कानुन वमोजिम आवश्क कारवाही गरिने छ ।
८. दोस्रो पक्षले मिति २०८../.../..../ गते सम्म खोर निर्माण कार्य सम्पन गर्ने छौ ।

| <u>प्रथम पक्ष</u> | <u>दोस्रो पक्ष</u> |
|---|---|
| नामः | नामः |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | समुहको छाप : |

शाखाको तर्फबाट

नाम :

पद : दस्तखत :

**नोट :** आवश्यकता अनुसार सम्झौताका बुदाहरु थप गर्न सकिनेछ ।

## अनुसूची ७

### परिच्छेद ३ दफा ६ उपदफा (३) सँग सम्बन्धित

**गाउँपालिका उत्कृष्ट  कृषक पुरस्कार कार्यक्रममा सहभागीका लागि न्युनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेति वा पशुपन्छी पालन भर पनि हुने )**

| क्र.स | बालीको नाम | क्षेत्रफल/संख्या | कैफियत |
|---|---|---|---|
| १ | तरकारीबाली | २ रोपनी/५ वटा टनेल | |
| २ | च्याउ | ५ टनेल | |
| ३ | सुन्तला | ५० बोट | |
| ४ | आँप | ५० बोट | |
| ५ | मौरीपालन | २० घार | |
| ६ | माछापालन | २ रोपनी | |
| ७ | भेडा बाखा | २० माउ | |
| ८ | बंगुर | ५ माउ | |
| ९ | गाई भैसी | ५ माउ | |
| १० | कुखुरा | १००० वटा | |
| ११ | घाँस खेति | ३ रोपनी | |

नोट : उपरोक्त बाहेकका कुनै नया उत्कृष्ट व्यवसाय ( कृषि/पशुपालन ) गरेको रहेछ भने केहि थप आधारहरु तय गर्नुपर्ने अवश्था आएमा गाउँ कार्यपालिकाको बैठक बाट निर्धारण गर्न सकिने छ ।

अनुसूची ८

परिच्छेद ३ दफा ६ उपदफा (३) सँग सम्बन्धित

## गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कार कार्यक्रमको लागी कृषकले पेश गर्नुपर्ने निबेदन फारम

१.कृषकको नाम :

२ जन्म स्थान र जन्म मिति :

३. स्थायी ठेगाना :

फोटो अनिवार्य

४. श्रोत साधनको विवरण

| क.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कुल जग्गाको क्षेत्रफल | | |
| २ | कुल खेति गरिएको क्षेत्रफल | | |
| ३ | पशुपालनको लागि प्रयोग भएको क्षेत्रफल | | |
| ४ | सिंचित क्षेत्रफल | | |
| ५ | कृषि यन्त्र उपकरणको अवस्था | | |

५. खेति गरिएको बालि तथा तरकारी उत्पादनको

| क.स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | तरकारी | | | |
| २ | च्याउ | | | |
| ३ | मौरी | | | |
| ४ | सुन्तला खेति | | | |
| ५ | आँप खेति | | | |

६. पशुपन्छीको उत्पादन विवरण

| क.स | विवरण | इकाई | परिमाण/उत्पादन |
|---|---|---|---|
| १ | गाई भैसी | | |
| २ | भेडा बाख्रा | | |
| ३ | कुखुरा | | |
| ४ | बंगुर | | |
| ५ | दुध उत्पादन | | |
| ६ | मासु उत्पादन | | |

| | | | |
|---|---|---|---|
| ७ | अण्डा उत्पादन | | |
| ८ | माछापालन | | |

७. सेवा तथा सस्थागत पहुच सम्बन्धी विवरण

| क.स | सेवा तथा सस्थागत विवरण | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | शाखा संग सम्पर्क/समन्वय | | | | |
| २ | कृषि ऋण एवं पहुच | | | | |
| ३ | बाली तथा कृषि बिमाको पहुचको स्थिति | | | | |
| ४ | प्राविधिक संग सम्पर्क | | | | |

८. पेशा संग सलग्न कामदारको विवरण

| क.स | कामको विवरण | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेति कार्यमा | | | |
| २ | पशुपालनमा | | | |
| ३ | पन्छिपालनमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण | | | |

९. कृषि व्यवसायमा लगानी

| क.स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| | जम्मा खेति खर्च | | |
| | जम्मा तरकारी खेति खर्च | | |
| | जम्मा औजार उपकरण खर्च | | |
| | जम्मा पशुपालन खर्च | | |
| | जम्मा पन्छिपालन खर्च | | |

१०. कृषि पेशामा भएको लगानीको श्रोत

| क.स | लगानीको श्रोत | रकम रु | कैफियत |
|---|---|---|---|
| | बैकबाट लिएको ऋण | | |
| | समूह सहकारीबाट लिएको ऋण | | |
| | साहुबाट लिएको ऋण | | |
| | छिमेकीबाट लिएको ऋण | | |
| | आफ्नै आम्दानीबाट व्यहोर्ने रकम | | |
| | जम्मा रकम | | |

११. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थिती

| क.स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| | खेती कार्यबाट | | |

| | | | |
|---|---|---|---|
| | पशुपालनबाट | | |
| | पन्छिपालनबाट | | |
| | कृषि उपज बजारीकरनबाट | | |
| | कुल जम्मा आम्दानी | | |

१२. दक्षताको क्षेत्र

| क्र.स | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| | उन्नत प्रविधि उपयोग तथा अनुशरण भएको/नभएको | |
| | स्रोत साधनको अधिकतम सदुपयोग भएको/ नभएको | |
| | प्रबिधि बिस्तारमा योगदान भएको/नभएको | |
| | रोग किरानियन्त्रण प्रविधिको प्रयोग भएको नभएको | |
| | भकारो सुधार एबं गोठ सुधार भएको नभएको | |
| | उत्पादन लागत तथा प्रतिफल रेकर्ड व्यस्थापन गरेको/नगरेको | |
| | कुनै किसिमको पुरस्कार एबं प्रसंशा पत्र पाएको/नपाएको | |
| | फार्म दर्ता भएको नभएको | |
| | स्थानीय स्तरमा आफ्नो आनुभव आदान प्रदान गरेको/नगरेको | |
| | तालिम लिएको/नलिएको | |
| | अन्य कुनै पुरस्कार पाए/नपाएको | |

१३. खेती प्रणालीमा अपनाइएको नयाँ प्रविधिको बिबरन

१४. कृषि/पशुपन्छीपालन व्यवसाय प्रबर्धनको भावी योजना कुनै भएमा

## अनुसूची ९

## परिच्छेद ३ दफा ६ उपदफा (५) सँग सम्बन्धित

**गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरस्कारको लागि कृषकले पेश गरेका निबेदन फारमको मुल्यांकनका आधारहरु**

**व्यवसाय :**

| क.स | निबेदन फारम मुल्यांकन मापदण्ड | पुर्णाङ्क | प्राप्तांक |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिति एबं सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एबं योगदान | १५ | |
| ३ | उत्पादन स्थिति | २० | |
| ४ | सेवा तथा संस्थागत पहुच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिती | १० | |
| ६ | कृषि/पशुपालन व्यवसायमा गरेको लगानीको स्थिती | ५ | |
| ७ | कृषि/पशुपालन व्यवसाय बाट प्राप्त आम्दानी एबं प्रतिफल | १० | |
| ८ | शाखा/प्राविधिक संग सम्पर्क | ५ | |
| ९ | प्राविधिक ज्ञान सिप बारे जानकारी एबं प्रयोग | १० | |
| १० | व्यवसायको दिगोपन | १० | |